कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३२५ | वि.सं. २०८१ चैत ५ मंगलवार | नेपाल संवत: ११४४, चैत कृष्ण चतुर्थी | Tuesday 18 March 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# पञ्चकोशी र सिंजा सभ्यतालाई विश्वसम्पदा सूचीमा राख्ने प्रक्रिया

**रमेश रावल**
**सुर्खेत, ४ चैत ।**

कर्णाली प्रदेशका धार्मिक तथा ऐतिहासिक महत्वका क्षेत्रहरु दैलेखको पञ्चकोशी र जुम्लाको सिंजा सभ्यतालाई विश्वसम्पदा सूचिमा सुचिकृत गर्ने प्रक्रिया थालिएको छ । पुरातत्व विभागले दैलेखको पादुका, श्रीस्थान, भुर्तिका पञ्चदेवल र जुम्लाको सिंजा सभ्यतालाई विश्वसम्पदा सूचीमा सुचिकृत गर्ने प्रक्रिया थालेको हो ।

पुरातत्व विभागको टोलीले दैलेखको नारायण नगरपालिका-३ भुर्तिस्थित पञ्चदेवल र जुम्लाको सिंजा क्षेत्रको अध्ययन गरेर फर्किएको हो । पुरातत्व विभागको टोलीले जुम्लाको हिमा, कनकासुन्दरी र सिंजा गाउँपालिका तथा दैलेखको नारायण नगरपालिकाका स्थानीय तथा जनप्रतिनीधिसँग छलफल तथा अध्ययन गरेको थियो । विभागले कर्णालीका अन्य ऐतिहासिक क्षेत्रको अवलोकन भ्रमणसमेत गरेको छ ।



कर्णाली प्रदेशलाई भाषा, सभ्यता र संस्कृतिमा नेपालकै पुरानो थलो मानिन्छ । कर्णाली प्रदेश खस साम्राज्यको विरासतका रुपमा जुम्लाको सिंजा गृष्मकालिन र दैलेखको दुल्लु शितकालिन राज्य थियो । यसकै आधारमा यहाँका सम्पदालाई पुरातत्व विभागले विश्व सम्पदा सूचीमा राख्ने तयारी थालेको हो । दैलेखको दुल्लु र सिंजामा खस राज्यकालिन पञ्चकोशी धाम, ऐतिहाँसिक गुम्बा, किर्तिखम्ब र पञ्चदेवल छन् । यिनको निर्माण पनि खस राज्यको पालामै निर्माण भएको इतिहाँस छ ।

दैलेखको नारायण नगरपालिकाको भुर्तिका २५ देवल संरक्षण गर्न पर्खाल बाहेकका अन्य काम हुन सकेका छैनन् । ऐतिहाँसिक अध्ययन सूचीमा राखिएका सम्पदा क्षेत्रका कागजात सम्बन्धि काम भइरहेको विभागका प्रवक्ता रामबहादुर कुँवरले बताए । 'महानिर्देशकज्यूको नेतृत्वमा अध्ययन टोली सम्पदास्थलमा भ्रमण गएको थियो,' उनले भने, 'त्यहाँका ऐतिहाँसिक ठाउँ सिंजा र दैलेखको

बाँकी ३ पेजमा

## के हो खस सभ्यता ?

कर्णाली नेपाली भाषाको उद्गमस्थल हो । सिंजा उपत्यकामा १३ औं शताब्दीको पुरातन देवनागरी लिपि फेला परेको थियो । सिंजा उपत्यका खस राज्यको राजधानी थियो । १२ औं शताब्दीदेखि १४ औं शताब्दीसम्म नेपाली भाषाको उत्पत्ति सिंजामा भएको इतिहास पाइन्छ ।

सिंजा उपत्यकामाको कनकासुन्दरी मन्दिर, पान्डव गुफा, बुढ्ढ मष्टा, कनकासुन्दरी नौधारा मन्दिर, विराट दरबार, नाख्या दुला, ह्याङ्गा देवता मन्दिर, लेकपर लामा मन्दिर, बातामालीका महादेव मन्दिरलगायत सिंजा भेगमा रहेका तीन दर्जन बढी साना-ठुला देवीदेवताका मन्दिरहरु वर्तमान अवस्थामा जीर्ण छन् । पाँच भाइ पाण्डव बस्ने पाण्डव गुफा र विराट दरबारको अवशेषसमेत भेटिन मुस्किल पर्न थालेको छ ।

खस राज्य सञ्चालनको समयमा बनाइएको यी मठ मन्दिर, सिंजा, सिहु बाघ, ठुलाठुला ढुङ्गामा कुँदिएका चित्रकला, सङ्केत अक्षर र अंकहरु लेखिएका शिलालेखहरूसमेत अहिले खेतबारी र पाखाहरुमा बेवारिसे अवस्थामा छन् । ३४६१ बर्षअघि अर्थात् इशापूर्व १४४४ मा राजा जालन्दरले सिंजा राज्य स्थापना गरेका थिए । राजा जालन्दर शिवका भक्त भएकाले शिवको अघिल्लो अक्षर 'शि' र आफ्नो नामको अघिल्लो अक्षर 'जा' बाट जोडेर सिंजा नाम रहन गएको जनश्रुति भेटिन्छ ।

जालन्दरकी रानी वृन्दाले बास गरेको भनी सिंजामा अहिले पनि पूजा गरिने देवीलाई वृन्दावासिनी भनिन्छ ।

बाँकी ४ पेजमा

# लुम्बिनीमा डडेलोसम्बन्धी सचेतना र नियन्त्रण अभियान

**सरला सुवेदी**
**बाँके, ४ चैत ।**

हरेक वर्ष लुम्बिनी प्रदेशका वन क्षेत्रहरू डडेलोको चपेटामा पर्दै आएका छन् । डडेलोका कारण वन्यजन्तु, जैविक विविधता तथा प्राकृतिक स्रोतसाधनमा गम्भीर क्षति पुग्ने गरेको छ । विशेष गरी, पूर्वी नवलपरासीदेखि कपिलवस्तु, दाङ, बाँके, र बर्दिया जिल्लासम्मका वन क्षेत्र उच्च जोखिममा छन् ।

वन डडेलो नियन्त्रण तथा सचेतनाका लागि लुम्बिनी प्रदेशको वन तथा वातावरण मन्त्रालयले चैत १ गतेदेखि साताव्यापी सचेतना अभियान सुरु गरेको छ । मन्त्रालयका सचिव मोहनराज काफ्लेका अनुसार डडेलो नियन्त्रणका लागि पूर्व तयारी तथा समुदाय स्तरमा सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिइएको छ ।

नेपालमा हुने ९५% वन डडेलो मानवीय कारणले हुने गरेको तथ्यांक छ। चरनका लागि घाँसे मैदान बनाउन, मह संकलन गर्न, सिकार खेल्न वा लापरवाहीका कारण वनमा आगो लाग्ने गरेको पाइन्छ । यही समस्यालाई मध्यनजर गर्दै लुम्बिनी प्रदेश सरकारले पहिलो पटक रुकुम पूर्वमा वनमा आगो लगाउनेलाई कानुनी कारबाहीसमेत गरेको छ ।

सिर्जना सामुदायिक वन तथा उपभोक्ता समितिका अध्यक्ष सुमन पौडेलका अनुसार स्थानीय स्तरमा पनि वन डडेलो नियन्त्रणका लागि सचेतना कार्यक्रम सञ्चालन भइरहेको छ । स्थानीय वन उपभोक्ता समूहहरूलाई परिचालन गर्दै डडेलो नियन्त्रण प्रयासलाई प्रभावकारी बनाउने योजना रहेको छ ।

वन तथा वातावरण मन्त्रालयका अनुसार प्रदेशभर डडेलो नियन्त्रणका लागि निगरानी टोली गठन गरिएको छ। सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्दै डडेलो नियन्त्रण तथा न्यूनीकरणका लागि स्थानीय समुदायलाई संलग्न गराउने रणनीति अवलम्बन गरिएको छ । वन डडेलोबाट हुने क्षति रोक्नका लागि स्थानीयबासी, वन उपभोक्ता समूह, र सम्बन्धित निकायबीच समन्वय अत्यावश्यक छ । सचेतना, पूर्व तयारी, र कानुनी कारबाहीमार्फत मात्रै डडेलोको समस्या नियन्त्रण गर्न सकिने विज्ञहरूको भनाइ छ । सरकारले चालु अभियानलाई थप प्रभावकारी बनाउन दीर्घकालीन योजना आवश्यक रहेको सरोकारवालाहरू बताउँछन् ।

# नाट्टा कर्णाली प्रदेश अध्यक्षमा केसी

**युग संवाददाता**
**सुर्खेत, ४ चैत ।**

नेपाल एसोसिएसन अफ टुर्स एण्ड ट्राभल्स एजेण्ट्स (नाट्टा) कर्णाली प्रदेशको पहिलो साधारणसभा वीरेन्द्रनगरमा सम्पन्न भएको छ । प्रथम साधारणसभाले नयाँ कार्य समिति चयन गरेको छ । नेपाल एयर विजनेश ट्राभल्स एण्ड टुर्स प्रा.लि. सुर्खेतका सञ्चालक निर्मल केसीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरिएको छ ।

समितिको उपाध्यक्षमा सिभिल एलाइन्स टुर्स एण्ड ट्राभल्स प्रालिका सञ्चालक भानुभक्त खड्का, महासचिवमा गंगामाला ट्राभल्स एण्ड टुर्स प्रा.लि. का सञ्चालक दीपक कुमार बुढाक्षेत्री, सचिवमा सेरोफेरो टुर्स एण्ड ट्राभल्सका सञ्चालक प्रेमकुमार बिसी, कोषाध्यक्षमा सिग्नोर नेपाल ट्राभल्स एण्ड टुर्सका सञ्चालक प्रेम दराई चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा आवर टुरिजम न्यूजका दीपक जैसी, पातलगंगा सामुदायिक होम स्टेका सञ्चालक दिलबहादुर चौधरी, नक्सा ट्राभल्स एण्ड टुर्स प्रा.लि.का सञ्चालक गौरव रेग्मी र होटल पार्क इन दैलेखका सञ्चालक बासना थापा रहेका छन् ।

# मौसमी राडार सञ्चालनमा ल्याउन सांसद थानीको माग

**युग संवाददाता**
**सुर्खेत, ४ चैत ।**

प्रतिनिधिसभाका सांसद हृदयराम थानीले सुर्खेत वीरेन्द्रनगर नगरपालिका-१३ मा रहेको मौसमी राडार सञ्चालनमा ल्याउन आग्रह गरेका छन् । कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशको जलवायु जानकारी दिने मौसमी राडार दुई वर्षदेखि बिग्रिएको र यसलाई सञ्चालनमा ल्याउन सांसद थानीले माग गरेका हुन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई बनाउनका लागि माग गर्दै मौसमी राडार स्पेर पार्टस बिग्रिएका कारण २ वर्षदेखि सञ्चालनमा नहुनु बिडम्बनापूर्ण अवस्था रहेको थानीले बताए । 'विपद व्यवस्थापनका लागि अति महत्वपूर्ण मौसमी सूचना, हावापानी पूर्वानुमान, वर्षाको गति साथै विपदका लागि अत्यावश्यक र संवेदनशील सूचना दिने प्रणाली अवरुद्ध हुनु कर्णाली प्रदेशका लागि त झनै जोखिमपूर्ण अवस्था हो,' उनले भने,'तसर्थ, वर्षाको समय नजिकिदै गरेको अवस्थालाई मध्यनजर गरी जोखिम न्यूनीकरण र विपद व्यवस्थापनका लागि मौसमी राडारलाई याथशीघ्र सञ्चालन ल्याई सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनेतर्फ तीन वटै तहका सरकारले गम्भीर रुपले सोच्नु जरुरी छ ।

# कर्णाली नदीमा डुंगाबाट खसेर कामदार बेपत्ता

**युग संवाददाता**
**सुर्खेत, ४ चैत ।**

ड्रमको डुंगा चढेर कर्णाली नदी तर्ने क्रममा एक जना कामदार बेपत्ता भएका छन् । कर्णाली करिडोरको घाटचौर-लैफु सडकमा काम गर्ने मुगु रारा छाँयानाथ नगरपालिका-१० का २३ वर्षीय देवनाथ सेजुवाल सोमबार बिहान कर्णाली नदीमा बेपत्ता भएका हुन् ।

१० महिनादेखि कर्णाली करिडोरमा ज्याला मजदुरी गर्दै आएका सेजुवाल सोमबार बिहान कर्णाली नदी पारीबाट डिजेल राख्ने ड्रम जोडेर बनाइएको डुंगा चढेर काम गर्ने ठाउँमा आउने क्रममा नदीमा खसेको कालिकोटका निमित्त प्रहरी प्रमुख किशोर केसीले बताए । '३ वटा ड्रम जोडेर बनाइएको डुंगा चढेर नदी पार गर्ने क्रममा नदीमा खसे,' उनले भने, '

बाँकी ४ पेजमा

**उपभोक्ता हकको रक्षा गरौं ।**

- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुन्छ,
- गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगे कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ ।

**त्यसैले**

- उपभोक्ता हकको बारेमा सचेत बनौं,
- उपभोक्ता हकहित रक्षाको लागि एकजुट होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**विज्ञापन दर/रेट सम्बन्धी सूचना**

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**विज्ञापन दर/रेट**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २000/- | रु. १८00/- |
| भित्री पृष्ठ | रु. १५00/- | रु. १२00/- |
| अन्तिम पृष्ठ | रु. १७00/- | रु. १५00/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५00/- | रु. १५00/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७0/- |

ज्याकेट १ पेज रु. ८,00,000/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali
Jobkarnali.com
Tender Karnali
Tenderkarnali.com
ebazar
ebazar.com
GET IT ON Google Play
yugnews.com

## सम्पादकीय....

# प्रदेश अस्पताल स्तरोन्नतीको खाँचो

कुनै बेला कर्णालीलाई सामान्य टाउको दुखेको उपचार गर्न नसक्ने क्षेत्रका रुपमा हेरिन्थ्यो । अशिक्षा, गरिवी, भोकमरी मात्रै होइन गतिलो स्वास्थ्य पूर्वाधारसँगै जनशक्ति अभाव कर्णालीको परिचय बनाइन्थ्यो । कर्णालीमा कुनै बेला सिटामोलसम्म पाउन निकै सकस हुने गर्दथ्यो । प्रदेशमा सुविधासम्पन्न अस्पातलको अभावले नागरिकलाई सामान्य बिरामी पर्दासमेत प्रदेश बाहिर जानुपर्ने बाध्यता थियो । अभावग्रस्त खाल्डो बनाइएको कर्णालीलाई राजनीतिको केन्द्रमा राखिने तर समस्याको समाधान नखोज्ने परिपाटीले यहाँको मानव सूचाङ्कको अवस्था फेरिन नसकेको यथार्थ हो । कुनै बेला सामान्य उपचारसम्म नपाईने कर्णालीको स्वास्थ्य प्रणाली बिस्तारै तङ्गिदै गएको छ । विशेष गरी देश संघीयतामा गएसँगै कर्णालीमा देखिने गरी स्वास्थ्य क्षेत्रमा एउटा काम भएको छ । त्यो हो कर्णाली प्रदेश अस्पताल । संघीयतापछि प्रदेशले आफ्नो मातहतमा ल्याएर सञ्चालन गरिरहेको प्रदेश अस्पतालले विस्तारै कर्णालीको स्वास्थ्य प्रणालीलाई सुधारको बाटोमा लैजाँदै छ । यो आफैमा कर्णालीवासीका लागि गौरवको विषय पनि हो । प्राथमिक स्वास्थ्य केन्द्रबाट तय भएको अस्पतालले आजका दिनसम्म आइपुग्दा आफुलाई विशिष्टकृत स्वास्थ्य संस्थाको रुपमा उभ्याउन सफल भएको छ । दिनानुदिन अत्याधुनिक उपकरणसहितका सेवाहरु प्रदेश अस्पतालमा थप भइरहेका छन् । यो आफैमा सवल पक्ष हो ।

प्रदेश राजधानी सुर्खेतको वीरेन्द्रनगर त्यसैपनि तिव्ररुपमा जनघनत्व बृद्धि भइरहेको सहर हो । यसै अनुरुप प्रदेश सरकारले १० वटै जिल्लाका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा ठुलो लगानी गर्दै आएको छ । तर, यतिले मात्रै सिङ्गो कर्णालीको स्वास्थ्य क्षेत्र धान्न सक्ने अवस्था छैन । प्रदेश सरकारले स्थापनादेखि नै प्रदेश अस्पताललाई स्तरोन्नतीको योजना अघि सार्दै आएको छ । विशिष्टकृत स्वास्थ्य सेवा सुचारु गरी प्रदेशमा विद्यमान स्वास्थ्य सेवाको पहुँच र गुणस्तरलाई सुदृढ बनाउन प्रदेश अस्पताल शैक्षिक संस्थाको रुपमा अघि बढाउने योजना उहिल्यैको हो । यो कर्णालीका लागि आवश्यकता पनि हो । मेडिकल कलेज वा स्वास्थ्य विज्ञान प्रतिष्ठान के बनाउने भन्नेमा प्रदेश सरकारले निर्णय लिन नसकेको अवस्थामा उच्चस्तरीय अध्ययन समितिले प्रतिष्ठानका रुपमा विकास गर्न सकिने सुझाव दिएको छ । प्रदेश अस्पताल स्तरोन्ती सम्बन्धमा अध्ययन गर्न बनेको उच्चस्तरीय समितिले प्रदेश अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रुपमा विकास गर्न सकिने सुझाव दिएको छ । संघीयतापछि प्रदेश सरकारले आफ्नो मातहतमा ल्याई सञ्चानल गरिरहेको अस्पताललाई स्तरोन्नती गर्न सकिने वा नसकिने विषयमा अध्ययन गर्न प्राध्यापक डाक्टर भगवान कोइरालाको संयोजकत्वमा उच्चस्तरीय अध्ययन समिति गठन गरेको थियो । उक्त कार्यदलले प्रदेश अस्पतालको संस्थागत एवं संरचनात्मक सुधारका पाँच विकल्पसहितको अध्ययन प्रतिवेदन प्रदेश सरकारलाई बुझाएको छ ।

समितिले दिएका सुझावमा उपनत्व ग्रहण गरे प्रदेशमा विद्यमान अपर्याप्त र असन्तुलित स्वास्थ्य जनशक्तिको वितरणलाई आवश्यकता अनुसार विज्ञ जनशक्तिको परिचालनको माध्यमबाट प्रदेशको कठिन भौगोलिक स्थानहरुमा समेत गुणस्तरिय स्वास्थ्य सेवा पुऱ्याउन मद्दत पुग्ने देखिन्छ । सामाजिक तथा आर्थिक रुपले पछाडि परेको कर्णालीमा माटो सुहाउँदो अनुसन्धानमा केन्द्रित भई प्रदेशको समग्र स्वास्थ्य प्रणालीलाई राष्ट्रियस्तरमा उकास्न प्रदेश अस्पतालको स्तरोन्नती टड्कारो बनिसकेको छ । अध्ययनले सुझाएका पक्षलाई अनुसरण गर्न सकिएको खण्डमा प्रदेश अस्पताललाई स्वास्थ्य शैक्षिक क्षेत्रमा विस्तार गर्न कठिन छैन । अब कर्णाली प्रदेश सरकारले नीतिगत, कानूनी तथा संस्थागतरुपमा सञ्चालन हुने स्वास्थ्य विज्ञान प्रतिष्ठानको विकास गर्नतर्फ ध्यान दिनुपर्ने देखिन्छ । समितिले दिएका सुझाव अनुरुप संघीय सरकारसँगको समन्वयमा अस्पताल स्तरोन्नतीको प्रक्रिया थाल्न प्रदेश सरकारले ढिलाई गर्नु हुँदैन । वर्तमान संरचनाले धान्नसक्ने गरी थप व्ययभार नबढ्ने खालको स्तरोनन्तीको मोडेल अपनाउन जरुरी छ । यसर्थ कर्णालीको आवश्यकता र मागका आधारमा प्रदेश अस्पताल स्तरोन्नतीमा प्राप्त सुझावलाई कागजमा सीमित हुन दिइनु हुँदैन । यसो गरिएमात्रै कर्णालीको स्वास्थ्य प्रणाली सुधारको बाटोमा जानेछ ।

## विश्व

# नदोहोरियोस् अर्को इथियोपिया-इरिट्रिया युद्ध

**अदिस अबाबा, ४ चैत ।**

इथियोपियाली सरकारले सन् २०२२ नोभेम्बरमा टिग्रे क्षेत्रको प्रतिद्वन्द्वी क्षेत्रीय सरकारसँग एक युद्धविराम सम्झौतामा हस्ताक्षर गऱ्यो ।

प्रिटोरिया सम्झौता भनिने त्यस सहमतिले २१औँ शताब्दीको सबैभन्दा घातकमध्ये एक द्वन्द्व अन्त्य गऱ्यो । लाखौँको संख्यामा सेना, दशौँ हजार यान्त्रिक एकाइ र वायुशक्ति प्रयोग भएको यो युद्धलाई आधुनिक सोम्मेको युद्ध मान्न सकिन्छ ।

## संस्कृति संरक्षण समाज

समिकोट, हुम्ला

**सूचना ! सूचना !! सूचना !!!**

**सूचना प्रकाशित मिती : २०८१/१२/०४**

यहि मिति २०८१ साल चैत्र १६ गते देखि २० गतेसम्म वीरेन्द्रनगर सुर्खेतको घण्टाघर खुला मञ्चमा "प्रथम खुला देउडा प्रतियोगिता" एवम् विशेष संस्कृति कार्यक्रम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै मेला अवधिभर स्टल राखी व्यवसाय सञ्चालन गर्न चाहने उद्योगी, व्यापारीहरुका लागि स्टल बुकिङ्ग खुला गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

**टिम दर्ता गर्ने अन्तिम मिति** : २०८१ चैत्र १४ गते ५:०० बजेसम्म

**टिम बर्तो शुल्क** : रु.१,५००।- मात्र

टिममा कम्तिमा ७ जना र बढिमा १५ जना सहभागि गराउन सकिने छ ।

प्रतियोगि टिम स्थानिय भेष, भुषामा सहभागि हुनुपर्ने छ ।

**पुरस्कार**

**प्रथम पुरस्कार** : रु.५५,५५५।- (कर बाहेक)

**द्वितृय पुरस्कार** : रु.३३,३३३।- (कर बाहेक)

**तृतीय पुरस्कार** : रु.२२,२२२।- (कर बाहेक)

**सान्तोना पुरस्कार** : रु.११,१११।- (कर बाहेक) ४ जनालाई

बाध्यवादन तथा साउण्ड सिस्टम लगाएत जग्गा खरिद सहयोगार्थ वापत प्रवेश शुल्क रु. १००। मात्र

टिम दर्ता र अन्य जानकारीका लागि सम्पर्क नं. तिर्थराज रोकाया (९८४८३०४५५१, ९७६८००६१०५)

**संस्कृति मेलाका आकर्षक**

उक्त मेलामा राष्ट्रिय सम्मान प्राप्त देउडा सम्राट, नन्द किष्न जोसी, देउडा सम्राट नेत्रराज शाही, चर्चित देउडा गायीका रेखा जोसी, चर्चित देउडा तथा दोहोरी गायक छत्र शाही, उदयमान देउडा तथा दोहोरी गायक नवराज भण्डारी र इस्बल संज्याल, साथै चर्चित कमेडीयन हेमराज अधिकारी (खन्टेखलास)को बेजोड प्रस्तुती रहनुका साथै परम्परागतको ढाल तरबार नाच, स्यार्पु नाच र दमाय नाचको प्रदर्शनी पनि हुने व्यहोरा जानकारी गराईन्छ । साथै स्थानिय स्तरमा कला रचना नृत्य प्रस्तुत गर्न चाहने संघ संस्थाहरुले पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

*(नोटः प्रतिस्पर्धी हुन आउने टिमले आफ्नो सम्पूर्ण व्यवस्थापन स्वयं आफैले गर्नुपर्नेछ ।)*

**तिर्थराज रोकाया अध्यक्ष**

# सकसमा उपभोक्ता अधिकार र उपभोक्ता अदालत



✍ **शीतलप्रसाद महतो/रासस**

सामान्यतः जीविकाका लागि वस्तु वा सेवा खरिद गरी उपभोग गर्ने प्रत्येक व्यक्ति वा संस्थालाई उपभोक्ता मानिन्छ । उपभोगको चक्रलाई हेर्दा कुनै एक वस्तु वा सेवाको बिक्रेता वा आपूर्तिकर्ता अर्को वस्तु वा सेवाको क्रेता वा उपभोगकर्ता हुने भएकाले समाजका सबै व्यक्ति वा संस्था कुनै न कुनै रूपमा उपभोक्ता नै हुन्छन् । उपभोक्ता नभएको कुनै व्यक्ति वा संस्था हुँदैन । यस अर्थमा उपभोक्ता हकहित संरक्षणलाई आम रूपमा सबै नागरिकको हकहित संरक्षणका रूपमा हेर्न आवश्यक छ । उपभोक्ता संरक्षण अभियानलाई व्यक्तिको दैनिक जीवनयापनसँग सम्बन्धित आधारभूत हक-अधिकार संरक्षणका रूपमा लिन सकिन्छ । वस्तुतः उपभोक्ता हित संरक्षण गुणस्तरीय जीवनयापनसँग सम्बन्धित भएकाले उपभोक्ता हकलाई मानव अधिकारको अभिन्न अङ्गका रूपमा समेत लिने गरिन्छ । उपभोक्ताले आफूले उपभोग गर्न चाहेको वस्तु वा सेवा गुणस्तरयुक्त हुनुपर्ने र सो वस्तु वा सेवा उपयुक्त समयमा, उचित मूल्यमा र सहज रूपमा पाउनुपर्छ भन्ने उपभोक्ता अधिकारको आधारभूत मान्यता पनि हो ।

उपभोक्ता हकले मूलतः वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर आदिबारे सही सूचना पाउने, वस्तु वा सेवाको छनोट गर्न पाउने, वस्तु वा सेवामा सहज पहुँचको अधिकार रहने, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा पाउनेजस्ता अधिकार समेटेको हुन्छ । उपभोक्ताको अधिकार हनन भएमा स्वच्छ न्यायिक प्रक्रियाबाट क्षतिपूर्ति पाउने र बिक्रेतालाई उत्तरदायी बनाउने विषय उपभोक्ता हक अधिकारको अर्को महत्वपूर्ण विषय हो । उपभोक्ताको अधिकार संरक्षणका लागि उपभोक्ता अधिकार दिवस मनाउने गरिन्छ । 'स्वच्छ र प्रतिस्पर्धी बजार, उपभोक्ता हित संरक्षणको दिगो आधार' नाराका साथ यो दिवस मार्च १५ अर्थात् चैत २ गते विश्वभर मनाइएको छ ।

सुरक्षा, छनोट, सुनुवाइ र सूचना चारवटा अधिकार १५ मार्च १९६२ मा अमेरिकी काङ्ग्रेसबाट पारित भएको दिनको सम्झनास्वरूप प्रत्येक वर्ष यो दिवस मनाउने गरिन्छ । विगत केही वर्षदेखि नेपालमा पनि विभिन्न कार्यक्रमसहित एक दिन यो दिवस मनाइँदै आएको छ । आमउपभोक्ताको जीउ, स्वास्थ्य र सम्पत्तिसँग जोडिएको विषय मानवको बाँच्न पाउने अधिकारसँग जोडिएको उपभोक्ता अधिकार दिवसलाई राष्ट्रिय दिवसका रूपमा देशव्यापी सबै प्रदेश र स्थानीय सरकारले मनाउने गरेका छन् । राष्ट्रिय पर्वका रूपमा मनाउँदै वर्षभर गर्ने कार्यहरूको योजनासहित प्रतिबद्धता जाहेर गर्ने दिनका रूपमा समेत यस दिनलाई लिने गरिन्छ ।

उपभोक्ता हकले मूलतः वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर आदिबारे सही सूचना पाउने, वस्तु वा सेवाको छनोट गर्न पाउने, वस्तु वा सेवामा सहज पहुँचको अधिकार रहने, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा पाउनेजस्ता अधिकार समेटेको हुन्छ । उपभोक्ताको अधिकार हनन भएमा स्वच्छ न्यायिक प्रक्रियाबाट क्षतिपूर्ति पाउने र बिक्रेतालाई उत्तरदायी बनाउने विषय उपभोक्ता हक अधिकारको अर्को महत्वपूर्ण विषय हो ।

कुनै खास वस्तु वा सेवामा बिक्रेताको एकाधिकार, खरिदकर्ताको सौदाबाजी क्षमतामा कमी वा खरिदकर्ताभन्दा बिक्रेता सङ्गठित र शक्तिशाली हुने अवस्था लगायतका कारणले बिक्रेताबाट हुन सक्ने गलत व्यावसायिक अभ्यासविरुद्ध आम उपभोक्तामा चेतना अभिवृद्धि गर्नु, उनीहरूलाई क्षति हुन नदिनु र क्षति हुन गएमा सोबापत क्षतिपूर्ति उपलब्ध गराउनु उपभोक्ता संरक्षण कानुनको उद्देश्य रहेको हुन्छ । त्यसैले नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ताको मौलिक हकसम्बन्धी व्यवस्था गरिएको छ । गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्ने र त्यसबाट कुनै प्रकारको क्षति भएमा क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था छ । ती हकको कार्यान्वयनका लागि विशेष ऐनका रूपमा सरकारले उपभोक्ता संरक्षण ऐन-२०७५ कार्यान्वयनमा ल्याएको छ । तर मौलिक हक कार्यान्वयनका लागि राज्यस्तरबाट जे-जे गर्नुपर्ने हो, त्यस कार्यका लागि भने सरकारी निकाय लगभग मौन छ ।

उपभोक्ता संरक्षण ऐन-२०७५ को दफा ६५ ले उपभोक्ता संरक्षण ऐन-२०५४ लाई खारेज गरेको छ तर सो ऐनबमोजिम दर्ता भई सुनुवाइका क्रममा रहेका दर्जनौँ मुद्दाबारे उपभोक्ता संरक्षण ऐन-२०७५ मौन छ, जसले गर्दा उपभोक्ताका दर्जनौँ उजुरी जिल्ला प्रशासन कार्यालयमा थन्किरहेका छन् । भर्खरै गठन गरिएको उपभोक्ता अदालतमार्फत आमउपभोक्ताले फरक अनुभूति गर्ने गरी कार्य सम्पादन गराउन सरकार जिम्मेवार हुनुपर्छ । उपभोक्ता संरक्षण ऐन २०७५ मार्फत राज्यबाट आमउपभोक्तालाई दिएका अधिकार एवं संविधान प्रदत्त मौलिक हक सफल कार्यान्वयनका लागि गठन भएका उपभोक्ता अदालत अब ७७ वटै जिल्लामा गठन गर्न सक्नुपर्छ ।

वस्तु र सेवा दुवैमा जनतामाथि हुने अन्याय, लुट, ठगी रोक्न र विधिको शासन तथा कानुनीराजको अनुभूति गर्न कमसेकम पहिलो चरणमा सात प्रदेशमा तत्काल उपभोक्ता अदालत गठन गर्नुपर्छ अनि मात्र राज्यप्रति आमउपभोक्ताको विश्वास बढ्छ । सँगसँगै अदालतप्रति पनि आमविश्वास बढाउन सकिन्छ । बजार व्यवस्थापन उपभोक्ता हक-अधिकार संरक्षण र प्रवर्द्धन गर्ने सबै निकायको अधिकार दायित्व र कार्यक्षेत्र प्रस्ट रूपमा बाँडफाँड गर्नुपर्ने देखिन्छ । उपभोक्ता हित विपरीतको कसुर ३६५ दिनै हुने हुँदा चुस्त-दुरुस्त र पारदर्शी संयन्त्रबाट अनुगमन र नियमन तथा दण्ड र पुरस्कारको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । अत्यावश्यक खाद्य सामग्री तथा गैरखाद्यसामग्रीको मूल्य, गुणस्तर र नियमित आपूर्तिको व्यवस्था मिलाउँदै गुणस्तरलगायतको नियमन नियन्त्रण अति आवश्यक छ ।

स्पष्ट आपूर्ति नीति, बजार नीति, उपभोक्ता हित संरक्षण नीतिलगायत कार्यान्वयनमार्फत एउटा नागरिक वस्तु र सेवाको उपभोग गरेर फर्कदा ढुक्क हुने वातावरण सिर्जना गर्नुपर्छ । यसैगरी प्रदेश र स्थानीय पालिकामा अनिवार्य रूपमा एउटा सुपथ मूल्य पसल, उपभोक्ता हकहित सूचना केन्द्र, गुनासो व्यवस्थापन एकाइको स्थापना र सञ्चालन नहुँदा सबै क्रियाकलाप प्रभावकारी हुन सकेको छैन् । उपभोक्ता हित, स्वच्छ बजार, गुणस्तर र मापदण्ड निर्माण गर्ने विभाग, खाद्य प्रविधि, औषधि व्यवस्था, नेपाल गुणस्तर, कृषि पशु स्वास्थ्य शिक्षा, यातायात सञ्चार, विद्युत्, खानेपानीजस्ता विभागको एकीकृत कार्ययोजना सहज कार्यान्वयनका लागि विशेष कार्यक्रम नीतिगत रूपमै प्रस्ट हुनुपर्दछ । सचेत र सक्रिय उपभोक्ता निर्माणका लागि उपभोक्ता शिक्षा कार्यक्रम घरदेखि विद्यालयसम्म लागू हुनुपर्छ ।

उपभोक्ता अधिकार पूर्ण रूपमा कार्यान्वयन गर्न हरेक वस्तु र सेवा क्षेत्रमा सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयन गर्नुपर्ने अहिलेको आवश्यकता छ । मूल्य, गुणस्तर परिमाण र शुद्धतामा यसले सकारात्मक प्रभाव पार्छ । उपभोक्ता हकहित र स्वच्छ बजारका क्षेत्रमा नयाँ-नयाँ दृष्टिकोण ल्याउन आवश्यक छ । उपभोक्ता हित संरक्षण र प्रवर्द्धन गर्न जारी गरेका दर्जनौँ ऐन-कानुनलाई सफल र प्रभावकारी कार्यान्वयन गर्न विशेष कार्ययोजनासहित आमउपभोक्तालाई जागरुक गराउन सके मात्र उपभोक्ता अधिकार दिवसले सार्थकता पाउन सक्छ । अन्यथा, विगतका वर्षमा जस्तै वर्षभर आपूर्तिको समस्या, मूल्यवृद्धिको मार, गुणस्तरहीनताको प्रभावलगायतबाट मुक्ति पाउन सकिँदैन ।

आमउपभोक्तासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिने कुनै पनि क्षेत्रमा सन्तोषजनक काम हुन सकेको छैन । अनुगमन र नियमन पनि सीमित क्षेत्रहरू दाल, चामल, तेल, गेडागुडीलगायत खाद्यान्नमा मात्र सतही हिसाबले हुने गरेको अवस्था छ । अस्वाभाविक मूल्यवृद्धिका कारण दैनिक जीवनयापनमै कठिनाइ देखिएपछि आमनागरिकमा विद्रोह पैदा भई समस्या सिर्जना हुनसक्छ । यसतर्फ हामी समयमै सचेत हुन जरुरी छ । यसरी सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका स्वच्छ बजार कायम गर्ने नियमनकारी निकायबीच आपसी समन्वय र सहकार्य हुन सकेको देखिदैन । आमनागरिकको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने यस किसिमको संवेदनशील विषय प्राथमिकतामा पर्न सकेको छैन । अबोध बालक, वृद्धवृद्धा र अशक्त नागरिकले बढी मात्रामा प्रयोग गर्नुपर्ने दूध, पानी, तरकारी, फलफूल, माछामासुलगायत वस्तुको 'प्याकेजिङ' गर्नुपर्ने व्यवस्था भए पनि यस्ता वस्तुको गुणस्तरबारे आमउपभोक्तामा रहेको शङ्का निवारण गर्न सरकार गम्भीर हुन सकेको छैन् । विश्वव्यापी स्वच्छ र प्रतिस्पर्धी बजारको मान्यताविपरीत भइरहेको क्रियाकलाप नियन्त्रण गर्न विभिन्न मापदण्ड, नीति-नियम, ऐन, कानुनको समयसापेक्ष परिवर्तन गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

बजारमा सर्वमान्य विधिको शासन स्थापित गरी वस्तु तथा सेवाको मूल्य र गुणस्तरबारे व्यावसायिक सचेतना र उपभोक्ता शिक्षा प्रदान गर्न सरकारी निकायले जुन हिसाबले जिम्मेवारी बोध गर्नुपर्ने हो, त्यसो हुन सकेको छैन । बजारको मागअनुसार आपूर्ति गर्न स्वदेशी उत्पादन र आयातको विवरण झल्कने वैज्ञानिक अभिलेख राख्न सकिएको छैन । संविधानमा व्यवस्था गरिएको मौलिक हकको सफल कार्यान्वयन गर्ने हो भने बजार अनुगमन, नियमन, अध्ययन र सहज आपूर्ति व्यवस्था गरिनुका साथै अन्तरराष्ट्रिय मूल्य-मान्यता आत्मसात् गर्ने नीति कार्यान्वयन हुनै पर्दछ । त्यस्तै मूल्य नियमन, विश्लेषण र निर्धारण गर्ने, नमूना सङ्कलन र परीक्षण गर्ने व्यवस्था कडाइसाथ पालना हुनुपर्छ ।

## Beldandi Rural Municipality
## Office of The Rural Municipal Executive

**Beldandi, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

## Invitation of Online Bids

**Date of First Publication: - 2081/12/05**

1. Beldandi Rural Municipality, Beldandi Kanchanpur invites electronic bids from eligible bidders for following works under Sealed quotation works procedure.

| *Contract Identification No.* | *Description and Location of Works* | *Estimated Amount NRs. (Without VAT and contingencies)* | *Bid Security Valid Period* | *Bid Security Amount (NRs.)* | *Bid Document Fee (NRs.)* |
|---|---|---|---|---|---|
| BRM/2081/082/ Works/SQ-10 | Black top road construction work from Baibah Chaurah to Chandra Bahadur Khatri's house,ward no.04 , Beldandi kanchanpur. | 17,27,394.91 | 75 | 50,000/- | 1000\|- |

2. Purchase, Submission and Opening details

| Last date of Bid Submission | | Opening of Bid | | Bidders should download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp . For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above. |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2081/12/20 | 12:00 | 2081/12/20 | 14:00 | |

3. Information to deposit the cost of bidding document in bank: Name of Bank:NMB Bank ,Beldandi.
Name of office:Beldandi Rural Municipality.
Office Rajaswa Account no.1180067400500015.
In case of online payment,the voucher uploaded should be entried in sutra portal from connect IPS.
Electronic bids must be submitted to the office ***Beldandi Rural municipality ,Office of Rural Municipal executive,Kanchanpur***through PPMO's e-GP system ***www.bolpatra.gov.np.***on before 12 pm on 2081/12/20..Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of bidders representatives who choose to attend at 2;00 PM on 2081/12/20 at the office of ***Beldandi Rural Municipality,Office of Rural Municipal Executive,Kanchanpur.***Bids must be accompanied by a bid security for scanned copy of the bid security in pdf format in case of e-bid amounting to a minimum of above mentioned bid security amount which shall be valid for 30 days beyond the validity period of the bid.If bidder wish to submit bid security in the form of cash ,the cash should be deposited in
Name of Bank:**NMB Bank,Beldandi,Kanchanpur**
Name of Office:***Beldandi Rural Municipality,Office of Rural Municipal Executive Kanchanpur***.
Deposit account number:1180067400500041 ग ३.
5. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp . For further information about invitation of bids, purchase of bidding documents, submission & opening of bids, etc. contact **Beldandi Rural Municipality, Office of Rural Municipal Executive,Kanchanpur.**
6. Bidders are requested to submit the approved photopcopy of registration book of shareholder and debentures prepared while making company registration as per Company Registration act 2063 clause 46 sub clause(1).
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date.
8. Rural Municipality reserves all right to accept or reject, wholly or partially any or all the sealed Tender without assigning any reason, whatsoever .

**Chief Administrative Officer**

# सब इन्जिनियरमाथी रड प्रहार गर्ने फरार

**युग संवाददाता**
**जाजरकोट, ४ चैत ।**

जिल्लाको बारेकोट गाउँपालिका-६ कार्कीज्यूलास्थित सीता माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टेकेन्द्र नेपालीले सब-इन्जिनियर हिमाल पुन माथी रड र ढुंगा प्रहार गरेका छन् । यो घटना आइतबार विद्यालयको दिवा खाजा भवनको निरीक्षण गर्न गएका पुन र नेपालीबीच विवादको कारणले भएको हो ।

घटनाको विवरण अनुसार सब-इन्जिनियर पुनले विद्यालयको भवनको गुणस्तरको विषयमा नेपालीसँग छलफल गर्दै गर्दा दुवैबीच विवाद भएको थियो । यसको परिणामस्वरूप नेपालीले अचानक रड र ढुंगा प्रहार गरी पुनलाई घाइते बनाएका हुन् ।

## पञ्चकोशी...

पञ्चकोशी पुगेर टोली फर्किएको छ ।'

तत्कालिन सिंजा सभ्यताको केन्द्र र नेपाली भाषाको उद्गमस्थल सिंजा क्षेत्रलाई विश्व सम्पदा सूचीमा राख्ने आधार तयार गर्न विभागले आवश्यक आधारबारे अध्ययन र स्थानीयसँग छलफल गरेको प्रवक्ता कुँवरले जानकारी दिए । 'सिंजा सभ्यताको विगत, वर्तमान र भविष्यका सन्दर्भमा पुरातत्व विभागको टोलीले स्थानीयसँग छलफल गरेको थियो,' उनले भने, 'सिंजालाई विश्व सम्पदा सूचीमा राख्ने विषयमा सबै एकमत भएको देखिन्छ । तर, आधुनिक विकासका नाममा प्राचीन सभ्यता मास्ने कार्य रोक्न जरुरी छ ।'

विभागले सिंजालाई विश्व सम्पदा सूचीमा समेट्न काम अघि बढाइसकेको छ, तर विकासका नाममा धमाधम सम्पदा मासिदा परम्परागत सांस्कृतिक महत्व नै भेट्न मुस्किल परेको प्रवक्ता कुँवरले बताए । सिंजालाई विश्व सम्पदा सूचीमा राख्न पटक-पटक विभागमा पहल गरिएको जुम्लाको सिंजा गाउँपालिकाका अध्यक्ष पुर्णप्रसाद धितालले बताए । 'सबै नेपालीको पहिचानको क्षेत्र सिंजा सभ्यता हो,' उनले भने, 'विश्व सम्पदा सूचीमा राख्ने प्रयत्न छिटो अघि बढाउन आग्रह गरिएको छ ।' सिंजाका सम्पदा संरक्षणको अभावमा जीर्ण बन्दै गइरहेको बेला विभागले देखाएको चासोप्रति सिंजाबासी उत्साहित भएको धितालले बताए ।

---


